काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२६ ❐ शुक्रवार, १५ जेठ, २०८३ ❐ Friday, 29 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा बालिका तथा समावेशी शिक्षा सञ्जालको क्षमता बढाउन कार्यशाला



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १४ जेठ

कर्णालीमा बालिका तथा समावेशी शिक्षा सञ्जालको क्षमता विकासका लागि कार्यशाला सम्पन्न भएको छ। बिहिबार वीरेन्द्रनगरमा प्रदेश र स्थानीय तहमा रहेका बालिका तथा समावेशी शिक्षा सञ्जाललाई सदृढ र कार्यान्वयमुखी बनाउन क्षमता विकास कार्यशाला सम्पन्न गरिएको हो।

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वयमा भएको कार्यशाला एक्सेस परियोजनाको अगुवाईमा सम्पन्न भएको हो। एक्सेस परियोजना युरोपियन युनियनको सहयोग, पिपुल इन निडको नेतृत्वमा एकान्टेबिलिटी ल्याब, नेपाल अपाङ्ग महिला संघ र शिक्षाका लागि राष्ट्रिय अभियानद्वारा सञ्चालित परियोजना हो। पिपुल इन निडका कर्णाली प्रदेश संयोजक मञ्जु लोहनीले सञ्जालका सदस्यहरुको क्षमता अभिबृद्धि गरेर उहाँहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट पार्न र प्रणालीगत समन्वयलाई प्रभावकारी बनाउन कार्यशाला आयोजना गरिएको बताए। उनका अनुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण उत्तरदायी र समावेशी शिक्षाको प्रभावकारी प्रवर्द्धन गर्ने उद्धेश्यका साथ कार्यशाला आयोजना गरिएको हो।

कार्यशालाको उद्घाटन सत्रमा कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले शिक्षा सुधारको पहिलो अधिकार स्थानीय तहमै रहेकोले स्थानीय तहबाटै पहल गर्न आवश्यक रहेको बताए। उनले समावेशी शिक्षाका निम्ति संवैधानिक अधिकारसहितको जिम्मेवारी र काम कर्तव्य बमोजिम नै सरकारी निकायले प्राथमिकताकता दिने उल्लेख गरे। कार्यक्रममा मन्त्री भण्डारीले विकास पूर्वाधार गाँउ पुग्ने र विद्यार्थी शहर पुग्ने प्रवृत्तिलाई कम गर्न कार्यशाला केन्द्रित हुनुपर्नेमा जोड दिए। बालिका तथा समावेशी शिक्षा सञ्जाल मार्फत शिक्षा सुधारका योजनालाई प्रभावकारी रुपमा कार्यान्वय गर्न सकिने उनको भनाइ छ। मन्त्री भण्डारीले सबैको सहकार्यमा शिक्षाको उज्यालो

बाँकी पृष्ठ २

कर्णालीमा बालबालिकाको मानसिक स्वास्थ्य संकट गहिरिँदै

आर्थिक वर्ष २०८१/०८२ को तथ्यांकअनुसार कर्णालीका विभिन्न जिल्लामा ७१ जना बालबालिकाले आत्महत्या गरेका छन्। तीमध्ये अधिकांश घटनामा झुन्डिएर आत्महत्या गर्नेको संख्या धेरै रहेको देखिएको छ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १४ जेठ

कर्णाली प्रदेशमा बालबालिकाको मानसिक स्वास्थ्य समस्या गम्भीर बन्दै गएको संकेत तथ्यांकहरूले देखाएका छन्। पछिल्ला वर्षहरूमा बालबालिका तथा किशोर-किशोरीमा आत्महत्याका घटना बढ्दै जाँदा यसले अभिभावक, विद्यालय र सरोकारवाला निकायलाई चिन्तित बनाएको छ।

प्रदेश प्रहरी कार्यालय सुर्खेतको आर्थिक वर्ष २०८१/०८२ को तथ्यांकअनुसार कर्णालीका विभिन्न जिल्लामा ७१ जना बालबालिकाले आत्महत्या गरेका छन्। तीमध्ये अधिकांश घटनामा झुन्डिएर आत्महत्या गर्नेको संख्या धेरै रहेको देखिएको छ।

तथ्यांकअनुसार सबैभन्दा बढी आत्महत्याका घटना सुर्खेतमा भएका छन्। सुर्खेतमा मात्रै १६ जना बालबालिकाले आत्महत्या गरेका छन्। त्यस्तै, दैलेखमा १९, सल्यानमा १०, रुकुम पश्चिममा ७, जाजरकोटमा ६ तथा मुगु र कालिकोटमा ५/५ जनाले आत्महत्या गरेका छन्। जुम्लामा ३ जना बालबालिकाको आत्महत्याको घटना भएको छ भने डोल्पामा भने कुनै घटना दर्ता भएको छैन।

आत्महत्याको तरिकामध्ये झुन्डिएर आत्महत्या गर्ने घटना सबैभन्दा धेरै रहेको तथ्यांकले देखाउँछ। कुल



५४ जना बालबालिकाले झुन्डिएर आत्महत्या गरेका छन्। विष सेवनबाट ४, आगो लगाएर ३ तथा अन्य कारणबाट १० जनाको मृत्यु भएको उल्लेख छ।

तथ्यांकले बालिकामा पनि मानसिक स्वास्थ्य समस्या बढ्दो रहेको देखाएको छ। कुल घटनामध्ये बालकभन्दा बालिकाको संख्या बढी देखिएको प्रहरीको विवरणमा उल्लेख छ। विशेषगरी किशोरावस्थामा पर्ने मानसिक दबाब, पारिवारिक समस्या, सामाजिक विभेद, अध्ययनको तनाव र डिजिटल माध्यमको असरले समस्या बढ्दै गएको विज्ञहरू बताउँछन्।

बालअधिकारकर्मीहरूले कर्णालीमा मानसिक स्वास्थ्यसम्बन्धी परामर्श सेवा, विद्यालयस्तरीय मनोसामाजिक सहयोग तथा अभिभावक सचेतना कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। ग्रामीण क्षेत्रमा मानसिक स्वास्थ्यबारे खुलेर कुरा गर्ने वातावरण नहुँदा धेरै बालबालिका समस्या लुकाएर बस्न बाध्य हुने गरेको उनीहरूको भनाइ छ।

सरोकारवालाहरूले समयमै मानसिक स्वास्थ्य सेवा विस्तार, विद्यालयमा काउन्सेलिङ व्यवस्था र समुदायस्तरमा सचेतना अभियान सञ्चालन नगरे अवस्था अझ जटिल बन्न सक्ने चेतावनी दिएका छन्।

मनोविद् पूर्ण रावलका अनुसार बालबालिकामा बढ्दो मानसिक स्वास्थ्य समस्या कम गर्न परिवार, विद्यालय र समाज सबैको संयुक्त भूमिका आवश्यक हुन्छ। बालबालिकासँग नियमित संवाद गर्ने, उनीहरूको भावना सुन्ने र समस्या खुलेर व्यक्त गर्न सक्ने वातावरण बनाउनु पहिलो आवश्यकता भएको रावल बताउँछन्।

उनका अनुसार धेरै बालबालिका तनाव, डर, एक्लोपन र पारिवारिक दबाबका कारण मानसिक समस्यामा पर्ने गरेका छन्। त्यसैले अभिभावकले बालबालिकामाथि अनावश्यक दबाब दिनुभन्दा उनीहरूलाई माया, साथ र विश्वासको अनुभूति गराउनुपर्छ। विद्यालयमा पनि शिक्षकले विद्यार्थीको व्यवहारमा आएको परिवर्तन पहिचान गरी समयमै परामर्श दिन सक्नुपर्ने उनको सुझाव छ।

रावलले मोबाइल र सामाजिक सञ्जालको अत्यधिक प्रयोगले पनि बालबालिकामा चिन्ता र अवसाद बढाउने भएकाले यसको प्रयोगमा निगरानी आवश्यक रहेको बताएका छन्। खेलकुद, सिर्जनात्मक गतिविधि, साथीभाइसँग घुलमिल तथा परिवारसँग समय बिताउने वातावरणले मानसिक स्वास्थ्य सुधार गर्न मद्दत पुग्ने उनको भनाइ छ।

उनका अनुसार मानसिक समस्या देखिएका बालबालिकालाई "कमजोर" भनेर हेर्नु हुँदैन। समयमै मनोसामाजिक परामर्श, काउन्सेलिङ र आवश्यक उपचार उपलब्ध गराउन सके आत्महत्याजस्ता दुःखद घटना कम गर्न सकिने उनले बताएका छन्।

कर्णाली प्रदेशस्तरीय प्रथम मेयर कप फुटबल प्रतियोगिता आजदेखि

❐ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १४ जेठ

कर्णाली प्रदेश फुटबल संघको आयोजनामा तथा वीरेन्द्रनगर नगरपालिकाको आर्थिक सहयोगमा कर्णाली प्रदेशस्तरीय प्रथम मेयर कप फुटबल प्रतियोगिता, २०८३ आयोजना हुने भएको छ।

प्रतियोगिता आज जेठ १५ गतेदेखि २१ गतेसम्म वीरेन्द्रनगरमा सञ्चालन हुने आयोजकले जनाएको छ।



कर्णाली प्रदेश फुटबल संघका अध्यक्ष प्रमोद हमालले प्रदेशमा खेलकुद विकास, स्थानीय प्रतिभाको पहिचान तथा युवालाई खेलतर्फ आकर्षित गर्ने उद्देश्यले पहिलो पटक प्रदेशस्तरीय मेयर कप आयोजना गर्न लागिएको जानकारी दिए। प्रतियोगिताको उद्घाटन आज १५ गते दिउँसो २ बजे हुने तय गरिएको छ।

हमालका अनुसार प्रतियोगितामा कर्णाली प्रदेशका विभिन्न १३ पालिकाको सहभागिता रहनेछ। सहभागी टोलीहरूमा वीरेन्द्रनगर नगरपालिका, गुर्भाकोट नगरपालिका, चौकुने गाउँपालिका, बराहताल गाउँपालिका, सल्यानको वनगाड कुपिण्डे

बाँकी पृष्ठ २

गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं ।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार

विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

शुक्रवार, १५ जेठ, २०८३
Friday, 29 May 2026

सम्पादकीय

बाल अपाङ्गताको चुनौती व्यवस्थापनमा ध्यान देऊ

कर्णाली प्रदेशमा १९ वर्षमुनिका अपाङ्गता भएका बालबालिकाको संख्या १४ हजार ९७४ पुगेको तथ्यांकले राज्यको स्वास्थ्य, शिक्षा र सामाजिक संरचनाको वास्तविक अवस्था झल्काएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशका कुल बालबालिकामध्ये १.९८ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिनु गम्भीर चिन्ताको विषय हो । अझ शारीरिक अपाङ्गता भएका बालबालिकाको संख्या सबैभन्दा बढी हुनु स्वास्थ्य सेवा र प्रारम्भिक उपचार प्रणालीको कमजोरीतर्फ संकेत गर्ने तथ्य हो । उमेर समूहअनुसार १५ देखि १९ वर्षका किशोरकिशोरीमा अपाङ्गताको प्रतिशत सबैभन्दा बढी देखिनु पनि अर्थपूर्ण छ । यसले बाल्यकालमै पहिचान र उपचार हुन नसकेका समस्याहरू समयसँगै जटिल बन्दै गएको देखाउँछ । ग्रामीण र दुर्गम बस्तीमा स्वास्थ्य सेवा, पोषण, जनचेतना तथा पुनर्स्थापना सेवाको अभावले समस्या अझ गहिरिएको छ । कर्णालीको भौगोलिक विकटता र गरिबीले बालबालिकालाई समयमै उपचार र आवश्यक सहयोगबाट वञ्चित बनाइरहेको यथार्थ लुकाउन सकिँदैन ।

अपाङ्गता केवल व्यक्तिगत वा पारिवारिक समस्या होइन, यो राज्यको विकाससँग प्रत्यक्ष जोडिएको विषय हो । जब बालबालिकाले आधारभूत स्वास्थ्य, पोषण र शिक्षाको अवसर पाउँदैनन्, त्यसको असर उनीहरूको सम्पूर्ण भविष्यमा पर्छ । अझ अपाङ्गता भएका बालबालिकाले विशेष शिक्षा, सहायक सामग्री, फिजियोथेरापी तथा मनोसामाजिक परामर्श नपाउँदा उनीहरू समाजको मूलधारबाट झन् टाढा धकेलिने जोखिम हुन्छ । विशेषज्ञहरूले औंल्याएझैं, प्रारम्भिक पहिचान र समयमै उपचार प्रभावकारी बनाउन सके धेरै समस्या कम गर्न सकिन्छ । तर त्यसका लागि कार्यक्रम घोषणा गरेर मात्रै पुग्दैन । गाउँस्तरसम्म स्वास्थ्य सेवा विस्तार, गर्भवती महिला र नवजात शिशुको नियमित परीक्षण, पोषण सुधार तथा जनचेतना अभिवृद्धिलाई प्राथमिकतामा राख्न आवश्यक छ । अपांगता बालबालिकालाई पुनर्स्थापना सेवा र विशेष शिक्षाको पहुँच स्थानीय तहसम्म पुऱ्याउन सके मात्र वास्तविक परिवर्तन सम्भव हुन्छ ।

राज्यले अपाङ्गता भएका बालबालिकालाई दया वा राहतको दृष्टिले होइन, अधिकारको दृष्टिले हेर्नुपर्छ । संविधानले सुनिश्चित गरेको समान अवसर र सम्मानजनक जीवनको अधिकार व्यवहारमा लागू हुन सके मात्र यस्ता तथ्यांक घट्न सक्छन् । कर्णालीका बालबालिकाको भविष्य सुरक्षित गर्नु केवल प्रदेशको दायित्व होइन, समग्र राष्ट्रकै जिम्मेवारी हो । विज्ञहरूले स्वास्थ्य सेवा, प्रारम्भिक पहिचान र पुनर्स्थापना सेवाको पहुँच कमजोर हुँदा कर्णालीमा अपाङ्गताको समस्या थप जटिल बन्दै गएको बताएका छन् । राष्ट्रिय बालअधिकार परिषद्ले सञ्चालन गरेको उपचार तथा पुनर्स्थापना कार्यक्रममार्फत कर्णालीका विभिन्न जिल्लाका बालबालिकालाई सेवा प्रदान गरिए पनि आवश्यकताअनुसार पहुँच विस्तार गर्नुपर्ने देखिन्छ । प्रारम्भिक अवस्थामै पहिचान र उपचारलाई प्रभावकारी बनाउन सके मात्रै बाल अपाङ्गताको दर घटाउन सकिन्छ । त्यसैले यसमा घरदेखि सबै सरोकारवाला निकायसम्म सचेत बन्न जरूरी छ ।

बाँदर नियन्त्रण होइन, व्यवस्थापन गरौं



✍ लक्ष्मण गुरुङ

गाउँका किसानले भोगेको बाँदर समस्या राष्ट्रिय राजनीतिमा प्रवेश भएको छ । बाँदरको कारण कृषि बाली नष्ट हुने गरेको छ । यसको समाधानको माग उठेको धेरै भएको छ । पूर्वी र पश्चिम नेपालका ग्रामिण भेग नराम्रो गरी प्रभावित बनेको छ । प्रस्तावमा बाँदर मार्ने देखि बन्ध्याकरण गरेर बाँदर हटाउने सुझाव दिएका छन् ।

यस समस्याको कारण राजनीतिक उदासीनता र नीतिगत कमजोरीलाई पनि मानिएको छ । किसानहरूले यसलाई लामो समयदेखि राजनीतिक र प्रशासनिक मुद्दाका रूपमा उठाउँदै आएका छन् ।

तर कारण र समाधानका बहस जे भए पनि वन्यजन्तुको संरक्षण, किसानको अधिकार र कृषि बालीको सुरक्षाबीच सन्तुलन कायम गर्ने स्पष्ट अवधारणा र प्रभावकारी नीति अझै देखिएको छैन । साथै बढ्दो बाँदर-किसान द्वन्द्वले कृषि बालीमा क्षति पुऱ्याउँदै किसानको आय, खाद्य सुरक्षा, ग्रामीण विकास र बसाइँसराइमा गम्भीर असर बारे पनि प्रयाप्त अध्ययन भएको देखिदैन ।

समस्याको कारण

बाँदर समस्याको मूल कारण नीतिगत र मानवीय दुवै पक्षसँग जोडिएको कुरामा विवाद देखिँदैन । यो वन्यजन्तुको व्यवहारसँग सम्बन्धित विषय मात्र होइन, बरु समाज, बसाइँसराइ, कृषि संरचना र विकास अवधारणासँग पनि प्रत्यक्ष रूपमा सम्बन्धित प्रश्न हो ।

गाउँबाट जनशक्ति पलायन

कृषि क्षेत्रबाट सक्रिय जनशक्ति निरन्तर बाहिरि रहेको छ । रोजगारी, शिक्षा र अन्य सेवाको खोजीमा गाउँबाट शहर र विदेशतर्फ केन्द्रित हुने बढेकोले गाउँको जनसंख्यामा कम हुँदै गएको छ । यसले परम्परागत खेती प्रणाली कमजोर बनाउने र खेतीयोग्य जमिन बाँझो हुने अवस्था सिर्जना गरेको छ ।

यसले कृषि क्षेत्रको संकुचन बढाएको छ । कृषि नाफामुखी र टिकाउ बनाउन कठिन बनेको छ । मानिसको ग्रामीण जीवनप्रति आकर्षण घट्दै गएको छ । परिणामस्वरूप जंगल आसपासका खेतीयोग्य क्षेत्र क्रमशः खुम्चिन पुगेको छ । मानव गतिविधि र खेतीपातीले बनेको प्राकृतिक अवरोध कमजोर हुँदा बाँदर तथा अन्य वन्यजन्तु मानव बस्ती र खेतबारीसम्म सहज रूपमा पुग्ने वातावरण बनेको छ ।

नवशहरी विकास र बसाइँसराइ

नजिकका शहरहरूको विस्तारले कृषि उत्पादनभन्दा आवास विकासलाई प्राथमिकता दिएको छ । यससँगै गाउँबाट शहरतर्फ बसाइँसराइ बढ्दा खेतबारीमा मानव उपस्थिती घटेको र बाँदर लगायत जङ्गली जनावरको प्रवेश बढेको देखिन्छ ।

जंगल-मानव दूरीको परिवर्तन

पहिले जंगल, कृषि क्षेत्र र मानव बस्तीबीच प्राकृतिक दूरी र सन्तुलन कायम थियो । तर कृषि क्षेत्रको संकुचन र कमजोर मानव गतिविधिले उक्त सन्तुलनमा बदलाव ल्याएको छ । जंगल नजिकका खेतबारी बाँझो रहँदा बाँदरलाई खाद्य खोजीका लागि टाढासम्म फैलिन सहज बनाएको छ । फलस्वरूप जंगलबाट सुरु भएको खोजी क्रमशः मानव बस्ती र कृषिबालीसम्म आइपुग्ने अवस्था बन्दै गएको छ ।

पर्यावरणीय सन्तुलनमा असर

मानिस, जङ्गली जनावर र प्रकृतिबीच रहेको सम्बन्धले पर्यावरणीय सन्तुलन राख्दछ । जब मानव बसाइँसराइले कृषि प्रणाली र प्राकृतिक उपयोग असन्तुलित बनाउँछ, यसको असर वन्यजन्तुको व्यवहारमा देखिन थाल्छ । बाँदर समस्या पनि यही बदलिँदो पर्यावरणीय र सामाजिक संरचनाको परिणाम हो ।

बाँदर समस्या, यसको सङ्ख्या वृद्धिले मात्र बढेको हो भन्ने पर्याप्त तथ्यगत त आधार छैन । तर मानव बसाइँसराइ, कृषि क्षेत्रको संकुचन, बाँझो जमिनको विस्तार तथा वन-मानव सम्बन्धमा आएको परिवर्तनले गर्दा मानव-बाँदर सम्पर्क बढाएको अनुमान भने गर्न सकिन्छ । त्यसैले वास्तविक कारण जनसङ्ख्या वृद्धि, बासस्थान परिवर्तन वा खाद्य स्रोत उपलब्धतामध्ये कुन पक्ष प्रमुख हो भन्ने विषयमा थप अध्ययन आवश्यक देखिन्छ ।

बाँदरको जैविक संरचना र व्यवहार प्रणाली

प्रकृति र पर्यावरणीय स्रोत तथा उपभोग अधिकार केवल मानवजातिको मात्र नभई पृथ्वीका सबै सजीव प्राणीको अस्तित्व, आवश्यकता र प्राकृतिक हकसँग अन्तरसम्बन्धित हुन्छ भन्ने आधारभूत बुझाइ आवश्यक छ । वन्यजन्तुको व्यवहार मानवको जस्तो स्वार्थ, लोभ वा सञ्चयको मानसिकताबाट निर्देशित हुँदैन; उनीहरूको गतिविधि बाँच्ने आवश्यकता, आहार खोजी, प्रजनन र प्राकृतिक अनुकूलन प्रक्रियाबाट निर्धारित हुन्छ ।

त्यसैले वन्यजन्तुजन्य क्षति वा मानव-वन्यजन्तु द्वन्द्वको समाधान खोज्दा प्रजातिको जैविक संरचना, व्यवहार, आहार प्रवृत्ति र बासस्थान आवश्यकताको वैज्ञानिक अध्ययनसँगै स्थानीय अनुभव, विज्ञ अनुसन्धान र पर्यावरणीय सन्तुलनलाई आधार बनाउनुपर्छ । बाँदर पनि केवल कृषिबाली नष्ट गर्ने जनावर नभई आफ्नो प्राकृतिक आवश्यकता, समूहगत जीवनशैली र खाद्य खोजी व्यवहारअनुसार चल्ने अत्यन्त अनुकूलनशील वन्यजन्तु हो, त्यसैले यसलाई नियन्त्रणमुखी दृष्टिकोणभन्दा पारिस्थितिक प्रणालीको आधारमा बुझ्नुपर्छ ।

नेपालका बाँदरहरू मानव बस्ती नजिक बस्ने, समूहमा रहने र उपलब्ध खाद्य स्रोतअनुसार व्यवहार परिवर्तन गर्ने स्वभावका हुन्छन् । प्राकृतिक रूपमा वनका फलफूल, पात, बीउ र कन्दमूल उनीहरूको प्रमुख आहार भए पनि मानवद्वारा उत्पादित कृषिबाली तथा सजिलै उपलब्ध खाद्य स्रोतप्रति आकर्षित हुने प्रवृत्तिका कारण पछिल्ला वर्षहरूमा कृषिक्षेत्रमा दबाब बढ्दै गएको देखिन्छ ।

बाँदरका प्रजाति, जनसंख्या र आहार प्रणाली

तराईदेखि उच्च पहाडी क्षेत्रसम्म पाइने रातो बाँदर, पहरे बाँदर, तराई ग्रे लंगुर र नेपाल ग्रे लंगुर वातावरणअनुसार अनुकूलन हुन सक्ने प्रजाति हुन् । सर्वाहारी स्वभावका यी बाँदरले फलफूल, पात, कन्दमूल, बीउ, अन्नबाली, कीरा-फट्याङ्ग्रा तथा साना जीवजन्तु खान्छन् ।

मुख्यतः वन, कृषि क्षेत्र, मानव बस्ती तथा फोहोरजन्य स्रोतमा निर्भर रहने बाँदरको प्राकृतिक खाद्य स्रोत र बासस्थान घट्दै जाँदा कृषि तथा मानव स्रोततर्फ आकर्षण बढेको देखिन्छ । उनीहरूलाई पर्याप्त आहार, पानी, सुरक्षात्मक आवरण र समूहगत गतिशीलता आवश्यक पर्छ ।

नेपालमा बाँदरको यकिन राष्ट्रिय तथ्याङ्क उपलब्ध नभए पनि उनीहरू स्पष्ट सामाजिक संरचनामा समूहगत रूपमा बस्ने, सहकार्यमा खाद्य खोजी गर्ने र सामाजिक सम्बन्ध सुदृढ गर्ने व्यवहार देखाउँछन् । यसले मानव-वन्यजन्तु द्वन्द्व, कृषिबाली क्षति तथा वन आसपासका बस्तीमा बढ्दो दबाब सिर्जना गरेको छ ।

बाँदर व्यवस्थापनका लागि यसको सङ्ख्या, वितरण, प्रजनन दर तथा मानव-बाँदर द्वन्द्वसम्बन्धी एकीकृत तथ्याङ्क निर्माण आवश्यक छ । दीर्घकालीन रणनीति विकासका लागि वैज्ञानिक तथ्याङ्क सङ्कलन र नियमित अनुगमन प्रणाली अपरिहार्य देखिन्छ । त्यसैले बाँदर समस्या केवल जनसङ्ख्याको विषय नभई बासस्थान, खाद्य उपलब्धता र बदलिँदो पर्यावरणीय संरचनासँग गहिरो रूपमा सम्बन्धित छ ।

दीर्घकालीन समाधानका लागि नियन्त्रणमुखी दृष्टिकोणभन्दा मानव, कृषि र वन्यजन्तुबीच सन्तुलन कायम गर्ने पारिस्थितिक-आधारित व्यवस्थापन रणनीति अवलम्बन गर्नु उपयुक्त देखिन्छ । यसले मानव र बाँदर दुवैको अस्तित्व तथा प्राकृतिक सन्तुलनलाई सम्मान गर्दै द्वन्द्व न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ ।

बाँदर व्यवस्थापनका सम्भावित अवधारणा

बाँदर समस्यालाई केवल नियन्त्रण वा दमनको विषयका रूपमा होइन, मानव, कृषि र पर्यावरणीय सन्तुलनसँग जोडिएको विषयका रूपमा हेर्न आवश्यक देखिन्छ । त्यसका लागि राज्य, स्थानीय तह, समुदाय र विज्ञहरूको संयुक्त सहभागितामा दीर्घकालीन व्यवस्थापन अवधारणा विकास गर्नु उपयुक्त हुन्छ ।

यसअन्तर्गत कृषि क्षेत्रलाई बाँदर-प्रतिरोधी बनाउने तथा वन क्षेत्रलाई प्राकृतिक खाद्य-आधारित बाँदर केन्द्रित प्रणालीको रूपमा विकास गर्ने दोहोरो नीति प्रभावकारी विकल्प बन्न सक्छ । यसको मूल उद्देश्य मानव र बाँदरबीचको प्रत्यक्ष द्वन्द्व घटाउँदै प्राकृतिक सन्तुलन कायम गर्नु हो ।

पहिलो अवधारणामा बाँदर-प्रतिरोधी कृषि क्षेत्रको विकास गर्न सकिन्छ । यस अवधारणाले कृषि क्षेत्रलाई बाँदरका लागि कम आकर्षक बनाउने लक्ष्य राख्छ । यसको लागि बाँदरले कम रुचाउने बाली तथा फलफूलको छनोट, बाँझो जमिनको उपयोग, बजार-केन्द्रित उत्पादन प्रणाली तथा कृषि लागत घटाउने उपायहरू अपनाउन सकिन्छ ।

नेपाल फर्कन तयारी हुनुहोस् : सभामुख अर्याल



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १४ जेठ

सभामुख डोलप्रसाद अर्यालले विदेशमा रहेका नेपालीलाई स्वदेश फर्कन आग्रह गरेका छन् ।

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-१, सल्यानटारस्थित नृसिंहधाममा आयोजित एक महिने पुरुषोत्तम महोत्सव अवलोकनमा पुगेका सभामुख अर्याललले उक्त धारणा राखेका हुन् ।

पुरुषोत्तम महोत्सवस्थलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख अर्याललले देशको संविधान र कानुनको पूर्ण पालना गर्न सरकार कटिबद्ध रहेको धारणा राखे ।

कर्णालीमा...

फैलाउन सकिने भएकोले सञ्जालको सक्रियताको लागि प्रदेश सरकार सधै लागिपर्ने बताए ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव रोशनी कुमारी श्रेष्ठले कार्यशालामा उठेका बिषयहरु मन्त्रालयले सम्बोधन गर्ने बताए । उनले एउटा बालिका शिक्षित भयो भने परिवार अनि सिङ्गो समाज नै शिक्षित हुने उल्लेख गरे । शिक्षित बालिका भएको समाजमा अन्धबिश्वास हट्ने र शिक्षा तथा स्वास्थ्यमा पहुँच विस्तार हुने बताए ।

कार्यशालामा एक्सेस परियोजनाले गरिरहेको कामको जानकारी गराईएको थियो । त्यसैगरी बालिका तथा समावेशी शिक्षा सञ्जालको नक्साङ्कनको अभ्यास गरिनुका साथै सञ्जालको रणनीति, मापदण्ड, समावेशी शिक्षा, संघीय योजना तथा प्राथमिकता बारेमा सहजीकरण गरिएको थियो ।

त्यसैगरी संघीय सरकारको बालिका तथा समावेशी शिक्षा सञ्जालको रणनीतिक कार्यान्वयन योजनाको मस्यौदामा छलफल गरिएको छ भने कर्णाली प्रदेश सरकारको समावेशी शिक्षाको प्राथमिकता बारेमा पनि छलफल गरिएको छ । गुनासो सुनुवाई संयन्त्रको प्रावधान र प्रतिवेदन प्रक्रिया, सञ्जालको कार्यक्षमता तथा दिगोपना, कार्ययोजना तथा आगामी कदमहरुबारेमा समेत कार्यशालालामा छलफल गरिएको छ । कार्यशालाले कर्णाली प्रदेशका स्थानीय तहहरुमा बालिका तथा समावेशी शिक्षा सञ्जालको प्रभावकारी प्रवर्द्धन, लैङ्गिक उत्तरदायी र समावेशी शिक्षा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नका लागि मदत पुर्याउने बताईएको छ । कार्यशालाको सहजीकरण कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका शिक्षा महाशाखा प्रमुख सुवर्ण कुमार खड्का, शिक्षा अधिकृत (आठौं) बलवीर सुनार, पिपुल इन निडका बालिका तथा समावेशी सञ्जालका प्राविधिक लिड बिना थापा र प्रदेश संयोजक मञ्जु लोहनीले गरेका थिए ।

कर्णाली...

नगरपालिका, कालिकोट जिल्ला, रुकुम पश्चिम जिल्ला, चन्दननाथ नगरपालिका जुम्ला, भेरी नगरपालिका जाजरकोट, खार्पुनाथ गाउँपालिका हुम्ला, सिमकोट गाउँपालिका हुम्ला तथा सिम्ता गाउँपालिका सुर्खेत रहेका छन् ।

प्रतियोगिताको विजेता टोलीलाई नगद रु ४ लाख तथा उपविजेता टोलीलाई रु २ लाख पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

त्यस्तै उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई सात विधामा जनही रु १५ हजारसहित “बेस्ट अवार्ड” प्रदान गरिनेछ । प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गर्ने एक जना खेलाडीलाई “म्यान अफ द म्याच” पुरस्कारस्वरूप रु २ हजार प्रदान गरिनेछ ।

यसैगरी प्रतियोगिताभर उत्कृष्ट अनुशासन देखाउने टोलीलाई पहिलो पटक रु १० हजारसहित विशेष पुरस्कार प्रदान गरिने जनाइएको छ ।

प्रतियोगिता लगातार सात दिनसम्म सञ्चालन हुनेछ ।

प्रतियोगिताका लागि वीरेन्द्रनगर नगरपालिकाले रु १५ लाख बजेट विनियोजन गरेको छ भने सहयोगी संस्था म्याक्स टाइगर इनर्जी ड्रिङ्कबाट रु १ लाख आर्थिक सहयोग प्राप्त भएको हमालले जानकारी दिए ।

प्रतियोगितामा सहभागी हुने प्रत्येक टोलीबाट रु १० हजारका दरले टिम दर्ता शुल्क लिएको कर्णाली प्रदेश फुटबल संघका महासचिव मदन बुढथापाले जानकारी दिए । बुढथापाले पहिलो संस्करणको प्रतियोगितालाई भव्य र सफल बनाउन सबै सरोकारवाला निकाय, खेलप्रेमी तथा स्थानीय समुदायको सहयोग आवश्यक रहेको बताए ।

उनले प्रतियोगिताले कर्णालीका प्रतिभावान खेलाडीलाई अवसर प्रदान गर्नुका साथै प्रदेशको खेलकुद विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

चुत्रो-गुर्जोबाट किसानलाई आम्दानी



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १४ जेठ

औषधीय गुण भएका चुत्रो र गुर्जोले बजार पाएपछि कर्णालीका स्थानीयवासीका लागि यी वनस्पति आम्दानीको नयाँ स्रोत बनेका छन् ।

सुर्खेतमा प्रशोधन केन्द्र स्थापना भएपछि वनजङ्गल तथा घरआसपास पाइने चुत्रो र गुर्जो सङ्कलनमा किसान व्यस्त हुन थालेका छन् ।

पहिले महत्व नबुझेर खेर जाने यी वनस्पति अहिले चिनियाँ कम्पनीले खरिद गर्न थालेपछि किसान उत्साहित भएका छन् ।

सङ्कलित चुत्रो र गुर्जोलाई प्रशोधन गरी धुलो बनाएर औषधीय प्रयोजनका लागि चीन निर्यात गरिने गरिएको छ ।

पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका-१०, खरायोचौरमा सञ्चालनमा रहेको युव्यान बायोटेक्नोलोजी प्रालिले किसानसँग चुत्रोको डाँठजरा प्रतिकिलो ५५ रुपैयाँ र गुर्जो प्रतिकिलो २५ रुपैयाँमा खरिद गर्दै आएको छ ।

५५ रोपनी जमिन भाडामा लिएर सञ्चालन गरिएको उक्त कम्पनीमा तीन जना चिनियाँ र ६० जना नेपाली कामदार कार्यरत छन् ।

कम मेहनत र लगानीमै राम्रो आम्दानी हुन थालेपछि किसानको आकर्षण बढेको छ । दैलेखको गुराँस गाउँपालिका तिनका छत्र थापाका अनुसार अहिले किसानहरू आफ्नै बारी तथा आसपासका क्षेत्रमा चुत्रो सङ्कलन गर्न व्यस्त छन् ।

उद्योग विभागमा दर्ता भएको यस कम्पनीले स्थानीयस्तरमा रोजगारी र आयआर्जन बढाउन सहयोग गरेको बताइएको छ ।

कम्पनीका व्यवस्थापक हरिकुमार श्रेष्ठका अनुसार कर्णालीका १० वटै जिल्लाबाट चुत्रो र गुर्जो सङ्कलन गरी चीन पठाइँदै आएको छ ।

कम्पनीले २०८२ चैतदेखि काम सुरु गरेको हो । चुत्रो सहजै पाइने भए पनि गुर्जो सङ्कलन गर्न भने बढी समय लाग्ने गरेको छ । त्यसैले अब स्थानीयले यसलाई व्यावसायिक खेतीका रूपमा विस्तार गर्ने सोच बनाएका छन् ।

वनजङ्गलबाट जथाभावी सङ्कलन हुन थालेपछि केही सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । डिभिजन वन कार्यालय सुर्खेतले पनि यस विषयमा ध्यानाकर्षण भएको जनाएको छ । हाल भने अधिकांश नागरिकले निजी जग्गा तथा व्यक्तिगत रूपमा वनस्पति सङ्कलन गरी बिक्री गर्दै आएका छन् ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव अजित कुमार कर्णका अनुसार चुत्रो र गुर्जो प्रतिबन्धित जडीबुटी नभएकाले नियमअनुसार बिक्री वितरण गर्न सकिन्छ ।

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतका निर्देशक पदमलाल सापकोटाले किसानको चासो बढेकाले यसको संरक्षण र व्यवस्थित उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने बताए ।

कर्णालीमा पहिलो पटक यस्तो उद्योग स्थापना भएकाले स्थानीयवासी आयआर्जनका दृष्टिले उत्साहित बनेका छन् । सम्बन्धित अधिकारीहरूले यसलाई कर्णालीवासीका लागि राम्रो आर्थिक अवसरका रूपमा हेरेका छन् ।

गणतन्त्र दिवस पूर्वसन्ध्यामा डोल्पामा सरसफाइ अभियान

❐ काँक्रेविहार संवाददाता

डोल्पा, १४ जेठ

गणतन्त्र दिवसको पूर्वसन्ध्यामा जिल्ला समन्वय समिति डोल्पाको आयोजनामा सदरमुकाम दुनै बजार क्षेत्रमा सरसफाइ कार्यक्रम सञ्चालन गरिएको छ ।

सार्वजनिक स्थलहरूको सरसफाइ गर्दै वातावरण स्वच्छ राख्ने उद्देश्यसहित कार्यक्रम गरिएको हो । जिल्ला समन्वय प्रमुख श्याम बहादुर रोकायाको नेतृत्वमा सम्पन्न सरसफाइ अभियानका क्रममा कालिका मन्दिर, सन्तोषीमाता मन्दिर, बसपार्कलगायत बजार क्षेत्र सफा गरिएको थियो ।

बजार क्षेत्र वरिपरि जम्मा भएको फोहोर संकलन गरी व्यवस्थापन गरिएको सहभागीहरूले बताएका छन् । कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, राष्ट्रसेवक कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका सदस्य तथा स्थानीयवासीहरूको सक्रिय सहभागिता रहेको थियो ।



सहभागीहरूले सामूहिक रूपमा सरसफाइ गर्दै सार्वजनिक स्थललाई स्वच्छ र सुन्दर बनाउने प्रयास गरेका थिए । जिल्ला समन्वय समितिले यस्ता अभियानले समुदायमा सरसफाइप्रति चेतना बढाउने र सार्वजनिक स्थानलाई व्यवस्थित राख्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ । यसैबीच, गणतन्त्र दिवसको अवसरमा शुक्रबार जिल्ला समन्वय समितिको प्राङ्गणबाट प्रभातफेरी कार्यक्रम आयोजना गरिने समितिले जनाएको छ ।

उक्त कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी निकाय, सुरक्षाकर्मी, विद्यार्थी र स्थानीयवासीको सहभागिता रहने अपेक्षा गरिएको छ ।

अवैध काठ र जडिबुटी बरामद





❐ काँक्रेविहार संवाददाता

सल्यान, १४ जेठ

सल्यानमा अवैध रूपमा काठ, जडिबुटी तथा बालुवा ओसारपसार भइरहेको अवस्थामा प्रहरीले विभिन्न स्थानबाट सवारी साधनसहित सामान नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार बनगाड कुपिण्डे नगरपालिका एक सल्लीबजारबाट नेपालगञ्जतर्फ लैजाँदै गरेको ठूलो परिमाणको अवैध काठ बरामद गरिएको हो ।

चेकजाँचका क्रममा १९१.७८ क्युफिट दुई सय ३२ थान मसला जातको काठ फेला परेको प्रहरीले जनाएको छ ।

काठसहित ढुवानीमा प्रयोग गरिएको ट्रक र चालकलाई समेत नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक तथा सूचना अधिकारी देवराज भट्टराईले जानकारी दिए ।

बरामद काठ, चालक र सवारी साधनलाई आवश्यक कारबाहीका लागि सब डिभिजन वन कार्यालय बनगाडमा पठाइएको छ ।

यसैबीच, बनगाड कुपिण्डे नगरपालिका-११ बालुवासंग्रही क्षेत्रमा अवैध जडिबुटीसहित दुई जनालाई पक्राउ गरिएको छ ।

ढोरपिपलबाट सुर्खेततर्फ जाँदै गरेको डबल क्याप जिपलाई चेकजाँच गर्दा एक बोरा तेजपात, ११ बोरा गिठीको बोक्रा र एक बोरा गर्जेगाना फेला परेको प्रहरीले जनाएको छ ।

जडिबुटीसहित चालक, जडिबुटी धनी र सवारी साधनलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अघि बढाइएको छ । यस्तै, कुमाख गाउँपालिका-३ रागेचौरबाट अवैध बालुवा उत्खनन तथा ढुवानीमा संलग्न भएको आशंकामा एक टिप्पर पनि प्रहरीले नियन्त्रणमा लिएको छ । उक्त टिप्परलाई आवश्यक कारबाहीका लागि कुमाख गाउँपालिकामा पठाइएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ ।

प्रहरीले अवैध उत्खनन, ओसारपसार तथा प्राकृतिक स्रोतको दोहन रोक्न नियमित निगरानी र चेकजाँचलाई कडाइका साथ अघि बढाइएको जनाएको छ ।

जेसीज सप्ताह-२०२६ आयोजना हुने

❐ काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, १४ जेठ

युवाहरूको नेतृत्व तथा व्यक्तित्व विकासमा सक्रिय संस्था सुर्खेत महिला जेसीजले सप्ताहव्यापी “जेसीज सप्ताह-२०२६” वीरेन्द्रनगर सुर्खेतमा आयोजना गर्ने भएको छ ।

संस्थाले विभिन्न सामाजिक, शैक्षिक तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै सप्ताहव्यापी कार्यक्रमलाई भव्य रूपमा सम्पन्न गर्ने तयारी गरेको जनाएको छ ।

सुर्खेत महिला जेसीजको अध्यक्ष मनु सुनारका अनुसार कार्यक्रम अन्तर्गत वक्तृत्वकला प्रतियोगिता, रक्तदान, नेतृत्व विकास तालिम, स्वास्थ्य शिविर तथा नारी सम्मान लगायत विविध गतिविधि सञ्चालन गरिनेछन् ।

कार्यक्रमहरूमा विभिन्न क्षेत्रका व्यक्तित्व, युवायुवती, विद्यार्थी तथा स्थानीयको सहभागिता रहने अपेक्षा गरिएको छ ।

जेसीज सप्ताहको उद्घाटन २०८३ जेठ १५ गते विरेन्द्रनगर स्थित शुभ होटलमा गरिने भएको छ । उक्त कार्यक्रम बिहान ११ बजे सुरु हुने जनाइएको छ ।

कार्यक्रमको संयोजन जेसी लक्ष्मी बीसी र जेसी झरना विष्टले गर्नेछन् । त्यसैगरी जेठ १६ गते बिहान छ बजे मंगलगढी चोकमा रक्तदान कार्यक्रम आयोजना गरिने भएको छ ।

समाजमा रगत अभावको समस्या न्यूनीकरण गर्ने उद्देश्यसहित सञ्चालन हुने उक्त कार्यक्रमको संयोजन जेसी रितु वयलकोटीले गर्ने जनाइएको छ ।



जेठ १७ गते शुभ होटलमा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ । युवाहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास तथा व्यक्तित्व निर्माणमा सहयोग पुग्ने उद्देश्यले आयोजना गरिएको तालिमको संयोजन जेसी बसन्ता काकीले गर्ने संस्थाले जनाएको छ । यस्तै जेठ २२ गते वडा नम्बर छ कार्यालय परिसरमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । दिउँसो एक बजे सुरु हुने शिविरमार्फत स्थानीय नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिने कार्यक्रम संयोजक जेसी बालकुमारी सुनारले जानकारी दिइन् ।

जेसीज सप्ताहको समापन जेठ २३ गते शुभ होटलमा “नारी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम” मार्फत गरिने भएको छ ।

उक्त कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका महिलाहरूलाई सम्मान गरिनुका साथै सप्ताहभर सञ्चालन भएका कार्यक्रमका उत्कृष्ट सहभागीलाई पुरस्कार वितरण गरिनेछ ।

कार्यक्रमको संयोजन जेसी सुमित्रा चौधरी र जेसी सुस्मिता रिजालले गर्नेछन् । सुर्खेत महिला जेसीजकी अध्यक्ष निशी हाङ सुनारले युवाहरूको नेतृत्व विकास, सामाजिक उत्तरदायित्व तथा महिला सशक्तीकरणलाई प्राथमिकतामा राखेर कार्यक्रम आयोजना गरिएको बताइन् ।

महासचिव जेसी भावना रानाले सप्ताहव्यापी कार्यक्रममा सबैको सहभागिताका लागि आग्रह गरेकी छन् । कार्यक्रमका मूल संयोजक जेसी भिमा शाहीका अनुसार जेसीज सप्ताहले सामाजिक चेतना अभिवृद्धि गर्नुका साथै युवाहरूलाई सकारात्मक गतिविधितर्फ प्रेरित गर्ने विश्वास लिइएको छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

जुम्लामा विपद् अभ्यास कार्यक्रम

काँक्रेविहार संवाददाता
जुम्ला, १४ जेठ

मनसुन नजिकिँदै जाँदा बाढी, पहिरो र डुबानजस्ता विपद्को जोखिम न्यूनीकरणका लागि जुम्लामा सुरक्षा निकाय तथा सरोकारवालाले संयुक्त विपद् प्रतिकार्य अभ्यास गरेका छन् ।

चन्दननाथ नगरपालिका एक दासाँघु क्षेत्रमा नेपाली सेनाको देविदत्त गणको समन्वयमा 'मनसुन छ नामक अभ्यास सञ्चालन गरिएको हो ।

प्राकृतिक विपद्को कृत्रिम अवस्था सिर्जना गरी उद्धारका विभिन्न विधिको प्रयोगात्मक अभ्यास गरिएको कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रस, स्वास्थ्यकर्मी, विद्यार्थी, स्थानीय नागरिक तथा सरकारी कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो ।

अभ्यासका क्रममा भीर तथा खोचमा फसेका व्यक्तिलाई डोरीको सहायताले उद्धार गर्ने, नदी तथा डुबान क्षेत्रमा खोज तथा उद्धार गर्ने, बाढीमा बगेकालाई सुरक्षित स्थानमा ल्याउने र जोखिमयुक्त क्षेत्रमा रिभर क्रसिङ प्रविधि प्रयोग गर्ने अभ्यास गरिएको थियो ।

उद्धार टोलीले विपद्का समयमा प्रयोग गरिने विभिन्न उपकरण र प्रविधिको प्रदर्शनसमेत गरेको थियो । देविदत्त गणका गणपति प्रमुख सेनानी



धिरज थापाले जुम्ला प्राकृतिक विपद्को दृष्टिले संवेदनशील जिल्ला भएकाले पूर्वतयारीलाई प्राथमिकता दिन आवश्यक रहेको बताए ।

उनले समुदायस्तरमै उद्धार सम्बन्धी आधारभूत ज्ञान र सीप विकास गर्नुपर्ने धारणा राखे । चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायतले विपद्का बेला सुरक्षाकर्मीको भूमिका महत्त्वपूर्ण हुने भन्दै स्थानीय तहले आवश्यक सामग्री र बजेट व्यवस्थापन गरिरहेको जानकारी दिए ।

उपप्रमुख रामदेवी खड्काले बाढी, पहिरो र डुबानका घटना वर्षेनी दोहोरिने भएकाले यस्ता अभ्यासले नागरिकलाई सचेत र आत्मविश्वासी बनाउने बताए ।

२४ नम्बर बाहिनी अड्डाका बाहिनीपति अर्जुन बस्नेतले विपद् आएपछि गरिने उद्धारभन्दा पूर्वतयारी अझ प्रभावकारी हुने उल्लेख गरे । उनले भौतिक संरचना अवरुद्ध हुने अवस्थामा वैकल्पिक उद्धार सीप र तयारी आवश्यक पर्ने बताए ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जुम्लाकी सुपर परियोजना अधिकृत ईश्वरा सुवेदीले नागरिकको जीवनरक्षाका लागि यस्ता पूर्वअभ्यास उपयोगी हुने बताउँदै विपद् व्यवस्थापनमा सामूहिक समन्वय आवश्यक रहेको धारणा राखे ।

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १० को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

७ दिने सूचना !

(प्रथम पटक प्रकाशित: २०८३/०२/१५)

दैलेख जिल्ला भगवती गाउँपालिका वडा नं. ५ बस्ने श्री भीमबहादुर चन्दले वीरेन्द्रनगर नगरपालिका वडा नं. १० को साविक लाटिकोइली कित्ता नं. ५७२६ क्षेत्रफल ९६.०० व.मि को पूर्व यशोदा नेपाली, पश्चिम, बाटो उत्तर अञ्जना धिताल र दक्षिण अनिता थापा यति चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको निर्माण कार्य गर्नको लागि पास गरी पाउँ भनी मिति २०८३/०१/१६ गतेमा निवेदन दिनुभएकोले सोको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ अनुसार सो बनाउने घरको सँधियार कोही कसैलाई पिरमर्का पर्ने भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वीरेन्द्रनगर नगरपालिकाको कार्यालयमा उजुर बाजुर गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरप्रति कुनै कारबाहि गरिने छैन ।

जनहितमा जारी सूचना

कर्णाली प्रदेश सरकारद्वारा प्रदेशको समग्र विकास, सुशासन प्रवर्द्धन तथा नागरिकमैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले विभिन्न नीति, योजना तथा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

प्रदेश सरकारका योजना तथा कार्यक्रमलाई सफल बनाउन सम्पूर्ण नागरिक, सरोकारवाला निकाय तथा समुदायलाई देहायबमोजिम अनुरोध गरिन्छ:

- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी र नागरिकमैत्री बनाउन सहयोग गरौं ।
- भ्रष्टाचार, अनियमितता तथा सार्वजनिक सम्पत्तिको दुरुपयोगविरुद्ध सचेत बनौं ।
- विकास निर्माणका कार्यमा जनसहभागिता र सहकार्यलाई प्राथमिकता दिऔं ।
- सामाजिक सद्भाव, शान्ति सुरक्षा तथा सुशासन कायम गर्न सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गरौं ।
- शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा पूर्वाधार विकासका कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाऔं ।
- वातावरण संरक्षण, सरसफाइ तथा विपद् जोखिम न्यूनीकरणमा सचेत रहौं ।
- बालविवाह, लागूऔषध दुर्व्यसन, घरेलु हिंसा तथा सामाजिक कुरीतिविरुद्ध सामूहिक अभियान सञ्चालन गरौं ।
- प्रदेश सरकारका सूचना, सेवा तथा कार्यक्रमबारे आधिकारिक माध्यमबाट जानकारी लिने बानी बसालौं ।
- "समृद्ध कर्णाली, सुखी कर्णालीवासी" निर्माणका लागि सरकार र नागरिकबीचको सहकार्य अपरिहार्य रहे कोले प्रदेश सरकार सबै नागरिकलाई विकास र सुशासनको अभियानमा सहभागी हुन हार्दिक आह्वान गर्दछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)